# नेपाल सरकार
## शिक्षक सेवा आयोग
## माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको प्रतियोगितात्मक विषयगत परीक्षा -२०८२

**तह : माध्यमिक** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** **उत्तीर्णाङ्क : ४०**

**विषय : नेपाली**

**सबै प्रश्नहरू अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द गरिनेछ ।**

### खण्ड (क)

| | |
|---|---|
| १) उच्चारण प्रक्रिया र देवनागरी लिपिका विशेषतालाई ख्याल गर्दै नेपाली वर्ण र अक्षरबिचका भिन्नता स्पष्ट पार्नुहोस् । साथै नेपाली भाषामा शब्द रूपायन हुने प्रक्रिया र तिनका विशेषताका बारेमा सोदाहरण वर्णन गर्नुहोस् । | ५ + ५ |
| २) अर्थ अथवा भावका आधारमा नेपाली वाक्यका प्रकारहरूको चर्चा गर्दै माध्यमिक तहमा वाक्यान्तरण शिक्षणका मुख्य पाँच प्रयोजन बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । | ५ + ५ |
| ३) बोध र अभिव्यक्तिका भिन्नता उल्लेख गर्नुहोस् र कुनै मौलिक विषयमा आधारित भई तार्किक शैलीमा एउटा अनुच्छेद रचना गर्नुहोस् । | ५ + ५ |
| ४) कार्यमूलक व्याकरण शिक्षणका मुख्य विशेषताहरूको चर्चा गर्दै माध्यमिक तहमा कार्यमूलक व्याकरणको अवधारणाअनुसार पदवर्ग सिकाउन उपयुक्त एक पाठयोजना तयार गर्नुहोस् । | ५ + ५ |
| ५) बहुबौद्धिकताको परिचय दिई भाषा शिक्षणमा बहुबौद्धिकता किन आवश्यक छ, उदाहरणसहित वर्णन गर्नुहोस् । | ३ + ७ |

### खण्ड (ख)

| | |
|---|---|
| ६) नेपाली भाषामा वर्णविन्यासको मानकीकरणका प्रयासको चर्चा गर्दै वर्णविन्यासमा मानकीकरणको आवश्यकताको पुष्टि गर्नुहोस् । | ५ + ५ |

| | |
|---|---|
| **७)** लोकसाहित्यको परिचय दिई नेपाली भाषा शिक्षणमा लोकसाहित्यको प्रयोग के कसरी गर्न सकिन्छ ? वर्णन गर्नुहोस् । | **५ + ५** |
| **८)** भाषिक मूल्याङ्कनको भनेको के हो ? नेपालको सन्दर्भमा अक्षराङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्या र समाधानका उपायहरू लेखी कक्षा १० का लागि शब्दवर्ग क्षेत्रमा आधारित भएर विशिष्टीकरण तालिकामा उल्लेख गरे बमोजिमको एउटा प्रश्न निर्माण गर्नुहोस् । | **२ + ५ + ३** |
| **९)** बहुभाषिक परिवेशमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकले प्रयोग गर्नसक्ने उपयुक्त पाँच कार्यकलाप सुझाउनुहोस् र दोस्रो भाषा विद्यार्थीका रूपमा नेपाली सिक्ने विद्यार्थीमा पठन प्रवाह वृद्धि गर्न पठन संस्कृतितर्फ उन्मुख गराउन के गर्नुपर्ला ? व्यावहारिक सुझाव दिनुहोस् । | **५ + ५** |
| **१०)** भाषा शिक्षण अनुसन्धान गर्नुपर्ने कारणको चर्चा गर्दै माध्यमिक तहका विद्यार्थीमा सिर्जनात्मक लेखन क्षमताका कमजोरी सुधार गर्न गरिने कार्यमूलक अनुसन्धानको ढाँचा प्रस्तुत गर्नुहोस् । | **४ + ६** |

***